REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 18.06.2024

---

*PM KISAN*

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ एक्काइसौ शताब्दीमा भारतलाई विश्वको तेस्रो वृहत अर्थव्यवस्थाका रूपमा विकसित गर्न कृषि क्षेत्रको भूमिका सर्वाधिक महत्वपूर्ण हुनेछ ।

उहाँले भन्नुभएको छ केन्द्र सरकार, देशमा कृषि विकास र कृषकहरूको कल्याणका लागि प्रतिवध्द छ ।

उत्तर प्रदेशको वाराणसीमा आज प्रधानमन्त्री किसान सम्मान निधि पी एम किसान को सत्रौं किश्ती जारी गरेपछि श्री मोदीले यस्तो विचार व्यक्त गर्नुभएको हो ।

पी एम किसानको सत्रौं किश्तीमा बीस हजार करोड़ रूपियाँ भन्दा अधिक राशी सामेल छ ।

यो धनराशि लगभग नौ करोड़ छब्बीस लाख लाभार्थी कृषकहरूको खातामा सिधै जम्मा गरिनेछ ।

यो योजना अन्तर्गत अहिलेसम्म एघार करोड भन्दा धैरै कृषक परिवारले तीन लाख करोड़ रूपियाँ भन्दा अधिकको लाभ प्राप्त गरिसकेका छन् ।

कार्यक्रममा प्रधानमन्त्रीले स्वयंसहायता समूहका तीस हजार भन्दा धैरै महिलालाई कृषि सखीको रूपमा प्रमाणपत्र पनि प्रदान गर्नुभयो ।

यसैवीच दक्षिण सिक्किमको नाम्ची जिल्ला अन्तर्गत नाम्थाङ कृषि विज्ञान केन्द्रमा प्रधानमन्त्रीको कार्यक्रमको प्रत्यक्ष प्रसारण गरियो ।

यसमा केन्द्रीय ग्रामीण विकास राज्य मन्त्री श्री कमलेश पासवान मुख्य अतिथिको रूपमा उपस्थित रहनुभयो ।
पछि आफ्नो वक्तव्यमा उहाँले देशका सर्वाङ्गीन विकासका निम्ति कृषकहरूलाई सशक्त बनाउनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो ।

श्री पासवानले भन्नुभयो PM किसान योजना अन्तर्गत छ हजार रूपियाँको वार्षिक भूक्तान सामान्य लागे साथनि बीउहरू किन्न, माटोको जाँच गर्न र खेतीपातीलाई बढ़ाउनमा यसले केही सहयोग गर्छ ।

कार्यक्रममा वरिस्ट वैज्ञानिक श्री I.P शिवाकोरी र सरकारी अधिकारीहरूको पनि उपस्थिती थियो ।

---

*MOS*

केन्द्रीय ग्रामीण विकास राज्य मन्त्री श्री कमलेश पासवानले आज नाम्चीमा ग्रामीण विकास अन्तर्गत विभिन्न केन्द्रीय योजनाहरू सम्वन्धमा जिल्ला स्तरीय अधिकारीहरूसित समीक्षा बैठक गर्नुभयो ।

यसमा बोल्दै उहाँले राज्यको विकासमा योगदानका लागि राज्य सरकारका अधिकारीहरू र पदाधिकारीहरूरको योगदानप्रति आभार प्रकट गर्नुभयो ।

श्रई पासवानले भन्नुभयो प्रधानमन्त्रीको नेतृत्व र प्रत्येक व्यक्तिलाई कौशल विकास परियोजाहरूद्वारा रोजगार उपलब्ध गराउने निर्देशले रास्ट्रले उल्लेखनीय प्रगति गरेको छ ।

महिलाहरूको सम्मर्मणवारे बोल्दै केन्द्रीय मन्त्रीले भन्नुभयो महिलाहरूको रास्ट्रको सेवा गर्ने क्षमता छ ।

उहाँले स्वयं सहायता समूहका प्रतिनिधिहरूसित बातचीत गर्नका साथै उनीहरूका गुनासोको निवारण गर्नुभयो ।

नाम्चीका अतिरिक्त जिल्लाधीश विकास डा. सी पी राईले पावरपोइन्ट प्रस्तुतीद्वारा महात्मा गान्धी रास्ट्रिय ग्रामीण रोजगार ग्यारेण्टे ऐन MG NREGA को स्थित र यसका प्रमुख प्राथमिकताहरूवारे अवगत गराउनुभयो। उहाँले सबै योग्य लाभार्थीहरूलाई घर उपलब्ध गराउने प्रधानमन्त्रई आवाज योजनाको स्थितिवारे पनि जानकारी दिनुभयो।

यस अवसरमा प्रधानमन्त्री ग्राम सड़क योजना, दीनदयाल उपाध्याय ग्रामीण कौशल्य योजना र सिक्किम राज्य ग्रामीण आजीविका मिशनवारे पनि चर्चा भयो।

त्यसपछि श्री पासवानले परबीङमा धारा विकास परियोजना र अन्य ग्रामीण विकास परियोजनाहरूको निरीक्षण गर्नुभयो।

पछि केन्द्रीय मन्त्री नाम्थाङको कृषि विज्ञान केन्द्रमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा वाराणसीमा भर्चुअल रूपले पी एम किसान योजना 2024 को सत्रौं किश्ती जारी गरिएको कार्यक्रममा सहभागी हुनुभयो।

---

*Tourists evacuated*

उत्तर सिक्किमको लाचुङ र अन्य ठाउँमा फँसेका बाह्र सय सैंतिसजना (1237) पर्यटकहरूलाई आज उध्दार गरिएको छ।

मंगन जिल्ला प्रशासन र विभिन्न विभागका अधिकृतहरू, सीमा सड़क संगठन, राज्य आपदा प्रतिक्रिया बल, रास्ट्रिय आपदा प्रतिक्रिया बल स्वयंसेवकहरूले पर्यटकहरूलाई सुरक्षित स्थानमा पुऱ्याउनमा आथक सहयोग गरे।

उध्दार कार्यको पहिलो दिन हिजो चौंसाठीजना पर्यटकहरूलाई निकाल्न सकियो।

यहाँहरूलाई थाहै होला गत बाह्र जूनको राती परेको मुसलधारे पानीले उत्तर सिक्किमलाई राज्यका अन्य भागहरूसँग जोड़ने मार्गहरूमा पैह्रो गएपछि यातायत ठप्प भएको थियो।

यसैवीच अम्बिथाङमा मरम्मति कार्य पूरा भएपछि फोदोङ भएर यातायात गरिने मंगन गान्तोक मार्ग हलुका वाहनहरूका लागि खोलिएको छ।

भषीण वर्षा र पैह्रोको कारणले मंगन जिल्लाका विभन्न ठाउँमा बाटो बन्द भएको र सम्पति क्षति भएको कुरोलाई ध्यानमा राखेर मंगन प्रखण्डका चार र जंगु प्रखँटका छ वटा पाठशालालाई अर्को आदेश जारी नभएसम्मका लागि बन्द गरिएको छ।

जिल्लाधीश श्री हेमकुमार छेत्रीद्वारा आज जारी अर्को आदेशमा अनुसार जंगु, चुङथाङ र मंगन परियोजना अधिनका सबै समन्वित शिशु विकास केन्द्रहरू पनि बन्द रहनेछन्।

लगातार पानी परेकाले राबदोङ तिन्तेक ग्राम पञ्चायत ईकाई अन्तर्गत लोवर राबदोङमा दुईवटा घरहरू क्षतिग्रस्त भएका छन्।

प्रभावित परिवारहरूलाई छिमेकीको घरमा सारिएको छ।

---

*CAP Delegation Meets Governor*

सिटिजन एक्शन पार्टी, सिक्किमका अध्यक्ष श्री भरत बस्नेत र पार्टीका अन्य सदस्यहरूको टोलीले आज राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसित शिस्टाचार भेट गरयो।

भेटघाटका बेला शिस्टमण्डलले राज्यपाललाई ज्ञापनपत्र सुम्पिएको छ।

---